बैठक संख्या- ०६/०८३।०८४

आज मिति २०८३ साल कार्तिक महिनाको [illegible] गते बिहिवारका दिनको ११.०० बजे यस सुस्ता गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री टेकनारायण उपाध्याय ज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितिमा बसी देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती

हस्ताक्षर	नामथर	पद
	श्री टेकनारायण उपाध्याय	अध्यक्ष
	श्री गिता चौधरी	उपाध्यक्ष
	श्री अशोक कुमार चौधरी	सदस्य
	श्री कृष्णलाल मुखिया	सदस्य
	श्री हरिलाल दुसाध	सदस्य
	श्री निल बहादुर गुरुङ्ग	सदस्य
	श्री प्रभुनाथ अहिर	सदस्य
	श्री मुना पुन	सदस्य
सिता	श्री सिता देवी थारु	सदस्य
	श्री शर्मिला दर्जी	सदस्य
	श्री प्रभावती चमार	सदस्य
	श्री रामजी शर्मा बढई	सदस्य
	श्री रामपियारे चमार	सदस्य
	श्री अर्जुन प्रसाद रेग्मी	प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापन

	श्री राजु सुवेदी	बरिष्ठ लेखा अधिकृत
	श्री विष्णु प्रसाद ढकाल	प्रशासकीय अधिकृत

टेक नारायण उपाध्याय
अध्यक्ष

प्रस्तावहरु

१. औषधीको दररेट स्वीकृत सम्बन्धमा ।
२. श्रीनगर आधारभुत स्वास्थ्य संस्थामा OTC सेवा संचालन सम्बन्धमा ।
३. सार्वजनिक बिदा सम्बन्धमा।
४. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नामसारी सम्बन्धमा ।
५. "घ" वर्गको निर्माण व्यवसायीको इजाजतपत्र दिने सम्बन्धमा ।
६. गाउँपालिकाको सिमाना हेरफेर सम्बन्धमा ।
७. जग्गा वर्गिकरण सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

निर्णय नं.१

- निःशुल्क रुपमा स्वास्थ्य संस्थाबाट औषधी वितरणका लागि औषधी खरिद गर्न स्वास्थ्य शाखा बाट बजार दररेट माग गरी तयार गरेको औषधीको दररेट स्वीकृत गर्ने र औषधी खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.२

- सुस्ता गाउँपालिका वडा नं. ३ स्थित श्रीनगर स्वास्थ्य संस्थामा शिघ्र कुपोषित बालबालिकाहरुको उपचार गर्नका लागि OTC(outpatient therapeutic center) सेवा संचालन गर्ने र सो सेवा संचालन गर्नका लागि आश्यक सामाग्री जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा बेश नेपाल संग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.३

- मिति २०८३।०७।३० गते छठ पर्वको भोली पल्टका दिन सुस्ता गाउँपालिका अन्तरगत सार्वजनिक बिदा दिने निर्णय गरियो ।

निर्णय नं.४

- सुस्ता गाउँपालिकाको "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७५(दोस्रो संसोधन) अनुसार "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्र लिएका तपसिलका फर्महरुले इजाजतपत्र नामसारीका लागि निबेदन पेश गरेका हुदा इजाजतपत्र नामसारी गरि दिने निर्णय गरियो ।

तपसिल

क्र. स.	फर्मको नाम र ठेगाना	दर्ता न.	"घ" बर्गको निर्माण व्यवसायी इजाजत्रपत्र नं.	साविकको संचालक	हालको संचालक	नामसारीको कारण
१	आशिष निर्माण एण्ड सप्लायर्स, सुस्ता ४ नरसही	३०९११२।०७९।०८०	०९/०७९।०८०	आरयन्स जैसवाल, सुस्ता ४ नरसही नवलपरासी (ब.सु.पु.)	पुष्पा जायसवाल, सुस्ता ४ नरसही नवलपरासी (ब.सु.पु.)	शेयर बिक्री

टेक नारायण उपाध्याय
अध्यक्ष

निर्णय नं.५

- कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई घ वर्गको निर्माण व्यवसायीको इजाजतपत्रको लागि सुस्ता गाउँपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ र घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ को प्रकृया पुरा गरी इजाजतपत्रका लागि निवेदन पेश गरेको तपसिलका फर्म/ कम्पनी लाई घ वर्गको निर्माण व्यवसायीको ईजाजतपत्र दिने निर्णय गरियो ।

तपसिल

क्र.स.	फर्म/ कम्पनीको नाम	दर्ता नम्बर	ठेगाना	अधिकृत पुँजी/जारी पुँजी	प्रोपराईटरको नाम थर	ठेगाना	पान नं.	कैफियत
१	हेक्सागन ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.	४०४५६०/०८३।०८४	सुस्ता २	२५लाख/ १०लाख	निर्मला न्यौपाने,	गल्याङ्ग न.पा-४ स्याङ्गजा	६२४७२९३४१	

निर्णय नं.६

- सुस्ता गाउँपालिका वडा नं. ५ (साविक त्रिवेणी सुस्ता गा.वि.स. वडा नं. ४ को वनकट्टी मलाही टोल) को वनकट्टी मलाही टोल वडा कार्यालय भन्दा टाढा तथा सुस्ता गाउँपालिका वडा नं. ३ संग सिमाना जोडिएको र त्यहाँका जनताहरुको माग समेत भएको हुदा सुस्ता गाउँपालिका वडा नं. ३ मा गाभ्ने गरी सिमाना हेरफेर गर्न सिफारिस गर्ने ।
- सुस्ता गाउँपालिका वडा नं. २ (साविक कुडिया गा.वि.स. वडा नं. १ को बद्रीघाट टोल मात्र) को बद्रीघाट टोललाई प्रतापपुर गाउँपालिका वडा नं. ८ मा गाभ्ने गरी सिमाना हेरफेर गर्न सिफारिस गर्ने ।
- बर्दघाट नगरपालिका वडा नं. १५ (साविक रुपौलिया गा.वि.स. वडा नं. १ को नौडिहवा टोल) को नौडिहवा टोललाई सुस्ता गाउँपालिका वडा नं. १ मा गाभ्ने गरी सिमाना हेरफेर गर्न सिफारिस गर्ने ।

निर्णय नं.७

- सुस्ता गाउँपालिकाको मिति २०८०।०३।३१ को बैठकबाट स्वीकृत गरिएको जग्गाको भू-उपयोग क्षेत्र वर्गिकरण विवरण जग्गाको भौगोलिक अवस्थिती, उपयोगको अवस्था र जग्गाको प्रकृति अनुसार वडा कार्यालयबाट सिफारिस भई आएका वर्गिकरण छुट भएका तपसिलका जग्गालाई तपसिल अनुसार वर्गिकरण कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

टेक नारायण उपाध्याय
अध्यक्ष